# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, चैत २२ गते, २०८२ साल (अतिरिक्ताङ्क २२

## भाग २

### गण्डकी प्रदेश सरकार

### कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको सूचना

### गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८२

गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-</u>**

(क) “ऐन” भन्नाले गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१ सम्झनु पर्छ।

(ख) “घरायसी प्रयोगमा आउने विषादी” भन्नाले घर तथा वस्तीमा लाग्ने शत्रुजीवहरु जस्तैः लामखुट्टे, साङ्ला, घरमा लाग्ने मुसा, झिंगा लगायतका जीवहरु नियन्त्रण गर्नकालागि प्रयोग गरिने विषादी सम्झनु पर्छ ।

(ग) “जीवनाशक विषादीको विसर्जन” भन्नाले म्याद नाघी वा अन्य कारणले प्रयोग गर्न नमिल्ने जीवनाशक विषादीको विषाक्त पदार्थको सुरक्षित व्यवस्थापन गर्ने कार्य सम्झनु पर्छ।

(घ) “जैविक विषादी” भन्नाले बोट बिरुवा र सूक्ष्मजीव लगायतका प्राकृतिक स्रोतबाट तयार गरिएको जीवनाशक विषादी सम्झनु पर्छ।

(ङ) “प्याकिङ्ग वा पुनः प्याकिङ्ग” भन्नाले जीवनाशक विषादीको गुणस्तर बिग्रन नदिई सुरक्षित तवरले स्वीकृत कन्टेनरमा सुरक्षित राख्ने कार्य सम्झनुपर्छ र सो शब्दले प्याकिङ्ग भई आएको जीवनाशक विषादी उपयुक्त मात्रामा स्वीकृत कन्टेनरमा गुणस्तर बिग्रन नदिई सुरक्षित तवरले पुनः राख्ने कार्य वा पुनः प्याकिङ्ग गर्ने कार्यलाई समेत जनाउँछ।

३. **<u>जीवनाशक विषादी पञ्जीकरण गराउनु पर्नेः</u>** (१) ऐनको दफा ३ को उपदफा (२) बमोजिम जीवनाशक विषादीको पञ्जीकरण गराउन चाहने व्यक्ति, संस्था वा निकायले देहाय बमोजिमको कागजात तथा विवरण संलग्न गरी केन्द्रमा निवेदन दिनु पर्नेछः-

(क) प्रचलित कानून बमोजिम व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि वा निकाय भएमा त्यस्तो निकायको आधिकारिक पत्र,

(ख) जीवनाशक विषादीको कारोबार खुलेको स्थायी लेखा नम्बर,

(ग) जीवनाशक विषादी उत्पादन र संश्लेषण गर्ने भएमा उत्पादन वा संश्लेषण गरिने कच्चा पदार्थको स्रोत खुल्ने कागजात,

(घ) जीवनाशक विषादीको उत्पादन, संश्लेषण, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्ने भएमा सोको लागि चाहिने मेसिनरी तथा औजार, दक्ष जनशक्ति, उत्पादन क्षमता तथा वार्षिक उत्पादन योजना, उत्पादन गरिएको जीवनाशक विषादी भण्डारण गर्ने व्यवस्था तथा दुर्घटना हुन नदिन अवलम्बन गरिएका सुरक्षात्मक उपायहरु समेतका उद्योगको विस्तृत जानकारी दिने आवश्यक विवरण तथा कागजात,

(ङ) जीवनाशक विषादी पैठारी गर्ने भएमा पैठारी गर्न चाहेको जीवनाशक विषादी उत्पादन भएको देशमा पञ्जीकरण गरिएको प्रमाणपत्रको प्रतिलिपि,

(च) जीवनाशक विषादीको नेपालमै उत्पादन र संश्लेषण, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्ने भएमा सो सम्बन्धी सूचकपत्र र पैठारी गर्ने भएमा सम्बन्धित देशको कानून बमोजिम अधिकार प्राप्त निकायबाट स्वीकृत सूचकपत्र,

(छ) जीवनाशक विषादीको बिक्री वितरण गर्दा प्रयोग गरिने सूचकपत्र तीन प्रति र कन्टेनर एक थान,

(ज) जीवनाशक विषादीको पैठारी गर्ने भएमा उत्पादकले बिक्री वितरण गर्न दिएको आधिकारिक वितरक पत्र,

(झ) जीवनाशक विषादीको प्रयोग विधि खुलेको कागजात,

(ञ) जीवनाशक विषादीको विषालुपना सम्बन्धी विवरण,

(ट) जीवनाशक विषादीको प्रभावकारिता सम्बन्धी विवरण,

(ठ) जीवनाशक विषादीको अवशेष विश्लेषण गरिएको कागजात,

(ड) प्रयोगकर्ताको लागि नेपाली भाषामा लेखिएको विवरण।

(२) उपनियम (१) बमोजिमको निवेदन केन्द्रमा प्राप्त भएको मितिले सात दिनभित्र प्लान्ट क्वारेन्टीन तथा विषादी व्यवस्थापन केन्द्रमा पठाउनु पर्नेछ।

४. **<u>घरेलु विषादी पञ्जीकरणः</u>** (१) किसान आफैंले वा कृषक समूह वा कृषि सहकारीले विकास गरी उत्पादन गरेको स्वदेशी मातृ स्रोतमा आधारित घरेलु विषादीको व्यावसायिक रूपमा उत्पादन, भण्डारण र ओसारपसार गर्नको लागि त्यस्तो घरेलु विषादीको पञ्जीकरण गराउनु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीयस्तरमा पाइने वनस्पति वा जीवजन्तुको सहउत्पादन वा अन्य सामग्री प्रयोग वा सम्मिश्रण गरी किसान वा समुदायले परम्परागत ज्ञान, सीप वा सिकाइबाट विकास गरिएको घरेलु विषादीको प्रयोग गर्नका लागि पञ्जीकरण गर्न अनिवार्य हुने छैन।

(३) उपनियम (१) बमोजिमका घरेलु विषादी पञ्जीकरणका लागि देहायको विवरण तथा कागजात संलग्न गरी जिल्लास्थित कृषि क्षेत्र हेर्ने कार्यालयमा निवेदन दिनु पर्नेछ र सो निवेदन केन्द्र मार्फत प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र समक्ष पेस गर्नु पर्नेछः-

(क) पञ्जीकरण गराउन चाहेको घरेलु विषादीको व्यापारिक नाम,

(ख) पञ्जीकरण गराउन चाहेको घरेलु विषादीको उत्पादकको नाम, ठेगाना र सम्पर्क फोन नम्बर,

(ग) पञ्जीकरण गराउन चाहेको घरेलु विषादीको प्रयोग र प्रभावकारिता सम्बन्धमा सरकारी वा मान्यता प्राप्त प्रयोगशालामा परीक्षण गरेको वा कृषि सम्बन्धी अनुसन्धान संस्था, अध्ययन संस्थान वा अन्य संस्थागत निकायले कम्तीमा दुई मौसमका भिन्न बालीमा परीक्षण गरिएको प्रतिवेदन,

(घ) पञ्जीकरण गराउन चाहेको घरेलु विषादीको प्रयोग गर्ने विधि सम्बन्धी जानकारीपत्र।

**५.** **<u>वनस्पतिजन्य र जैविक विषादीको पञ्जीकरणः</u>** (१) स्वदेशी मातृ स्रोतमा आधारित वनस्पतिजन्य र जैविक विषादीको उत्पादन, संश्लेषण, भण्डारण, ओसारपसार र बिक्री वितरण गर्नका लागि त्यस्तो विषादी पञ्जीकरण गराउन चाहने व्यक्ति, संस्था वा निकायले देहायका कागजात तथा विवरण संलग्न गरी जिल्लास्थित कृषि क्षेत्र हेर्ने कार्यालय वा केन्द्रमा निवेदन दिनु पर्नेछः-

(क) निश्चित किरा, रोगका जीवाणु वा अन्य जीवलाई व्यवस्थापन गर्न प्रभावकारी भएको र प्रयोग गरिने मात्रा सम्बन्धी विवरण,

(ख) जैविक विषादीको गुणस्तर सम्बन्धमा मान्यता प्राप्त प्रयोगशालाको परीक्षण प्रतिवेदन,

(ग) सरकारी वा मान्यता प्राप्त प्रयोगशाला वा कृषि सम्बन्धी अनुसन्धान संस्था, अध्ययन संस्थान वा सरकारी फार्म, जिल्लास्थित कृषि क्षेत्र हेर्ने कार्यालय वा अन्य निकायबाट अनुसन्धान गरी राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरबाट प्रकाशन भएको लेख वा सोधपत्रको आधिकारिक प्रतिवेदन वा कम्तीमा दुई मौसमका भिन्न बालीमा परीक्षण गरिएको प्रतिवेदन,

(घ) प्याकिङ्ग वा पुनः प्याकिङ्गका लागि कन्टेनरको नमुना,

(ङ) नेपाली भाषामा लेखिएको सूचकपत्र र पर्चा तीन प्रति।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन केन्द्र मार्फत प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र समक्ष पेस गर्नु पर्नेछ।

**६.** **<u>पञ्जीकृत जीवनाशक विषादीको नवीकरणः</u>** (१) पञ्जीकृत जीवनाशक विषादीको नवीकरणका लागि सम्बन्धित व्यक्ति, संस्था वा निकायले देहाय बमोजिमका कागजात संलग्न गरी केन्द्रमा निवेदन दिनु पर्नेछः-

(क) केन्द्रबाट जारी गरिएको सक्कल पञ्जीकरण प्रमाणपत्र,

(ख) जीवनाशक विषादीको पैठारी गर्ने भएमा उत्पादकले बिक्री वितरण गर्न दिएको आधिकारिक वितरक पत्र,

(ग) उत्पादन भएको देशमा पञ्जीकरण गरिएको प्रमाणपत्रको प्रतिलिपि,

(घ) सम्बन्धित उत्पादकले जीवनाशक विषादीको सम्बन्धमा तयार गरेको सूचकपत्र,

(ङ) प्रयोगकर्ताको लागि नेपाली भाषामा प्रयोग विधि खुलेको कागजात, र

(च) पञ्जीकृत जीवनाशक विषादीको व्यापारिक नाम, साधारण नाम, कन्टेनर र सूचकपत्रमा उल्लिखित विवरण पञ्जीकरण गर्दाका बखतभन्दा फरक भएमा सोको पुष्टयाँई गर्ने प्रमाणित कागजात।

(२) उपनियम (१) बमोजिमको केन्द्रमा प्राप्त भएका निवेदन र संलग्न कागजात केन्द्रले निवेदन प्राप्त भएको मितिले सात दिनभित्र प्लान्ट क्वारेन्टीन तथा विषादी व्यवस्थापन केन्द्रमा पठाउनुपर्नेछ।

७. **<u>इजाजतपत्र सम्बन्धी व्यवस्था:</u>** (१) पञ्जीकरण वा पुनः पञ्जीकरण गरिएका जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग तथा छर्कन चाहने कुनै व्यक्ति, संस्था वा निकायले ऐनको दफा ४ को उपदफा (१) बमोजिम इजाजतपत्र लिनुपर्नेछ ।

(२) कुनै व्यक्ति, संस्था वा निकायले जैविक विषादीको मात्र बिक्री वितरण गर्न चाहेमा निजलाई केन्द्रले निःशुल्क इजाजतपत्र प्रदान गर्नु पर्नेछ ।

८. **<u>इजाजतपत्रको लागि निवेदन दिनु पर्ने:</u>** (१) ऐनको दफा ४ को उपदफा (१) र (२) बमोजिम पञ्जीकरण वा पुनः पञ्जीकरण गरिएका जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग तथा छर्कने व्यवसाय गर्न इजाजतपत्र लिन चाहने व्यक्ति, संस्था वा निकायले देहायका विवरण तथा कागजात संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा केन्द्रमा निवेदन दिनु पर्नेछः-

(क) व्यावसायिक फर्म वा कम्पनी दर्ता प्रमाणपत्र,

(ख) खुद्रा विषादी विक्रेता सम्बन्धी विषादीको सुरक्षित भण्डारण, प्रयोग र बिक्री वितरण सम्बन्धी तालिममा सहभागी भई केन्द्रले संचालन गरेको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र,

(ग) कम्तिमा एस.ई.ई. वा सो सरहको योग्यता भएको प्रमाणपत्र

(घ) जीवनाशक विषादीको कारोबार खुलेको स्थायी लेखा नम्बर,

(ङ) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(च) संस्था वा निकायको हकमा त्यस्तो निकायको आधिकारिक पत्र,

(छ) अनुसूची-२ बमोजिमको स्वघोषणा,

(झ) जिल्लास्थित कृषि क्षेत्र हेर्ने कार्यालयको सिफारिस।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर केन्द्रले जाँचबुझ गर्दा निवेदकलाई इजाजतपत्र दिन उपयुक्त देखिएमा ऐनले निर्धारण गरेको दस्तुर लिई

निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ ।

९. **इजाजतपत्रको नवीकरण सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा ४ को उपदफा (४) बमोजिम नवीकरणको लागि देहायका कागजात संलग्न गरी ऐनले निर्धारण गरे बमोजिमको नवीकरण दस्तुर सहित इजाजतपत्र प्राप्त व्यक्ति, संस्था वा निकायले केन्द्र समक्ष अनुसूची-४ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) इजाजतपत्रको सक्कल प्रति,
(ख) कारोबारको वार्षिक परिमाण र मूल्य विवरण,
(ग) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र,
(घ) पुनर्ताजगी तालिम लिएको प्रमाणपत्र,
(ङ) सम्बन्धित जिल्लाको विषादी निरीक्षकबाट प्रमाणित गराईएको चेक लिस्ट।

(२) उपनियम (१) बमोजिम इजाजतपत्र नवीकरणको लागि निवेदन प्राप्त भएमा केन्द्रले आवश्यक जाँचबुझ गरी इजाजतपत्र नवीकरण गर्न उपयुक्त देखिएमा ऐनले निर्धारण गरेको दस्तुर लिई ऐनको दफा ४ को उपदफा (७) बमोजिम दुई वर्षका लागि अनुसूची-३ बमोजिमको ढाँचामा गर्न सक्नेछ।

(३) यो नियम लागु हुनुभन्दा अगाडि संघीय ऐन बमोजिम नवीकरण हुँदै आएका इजाजतपत्रवालाको इजाजतपत्रको नवीकरण अनुसूची-३ बमोजिम हुनेछ।

१०. **समितिको काम, कर्तव्य र अधिकारः** ऐनको दफा ९ को अतिरिक्त प्रदेश जीवनाशक विषादी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जीवनाशक विषादीसँग सम्बन्धित सरोकारवाला निकायबीच समन्वय र सहकार्य गर्ने,
(ख) केन्द्रलाई आवश्यक सुझाव तथा निर्देशन दिने,
(ग) क्षतिपूर्ति निर्धारण समितिलाई आवश्यक सहयोग गर्ने,
(घ) जीवनाशक विषादीको परीक्षण प्रयोगशाला निर्माणको लागि आवश्यक कार्यक्रम, बजेट तथा जनशक्ति व्यवस्थापनको लागि सहजीकरण गर्ने,
(ङ) म्याद नाघेका, प्रतिबन्धित, पञ्जीकरण नभएका र जफत गरिएका जीवनाशक विषादीको भण्डारण गृह निर्माण तथा विसर्जनको लागि प्रदेश सरकारलाई आवश्यक सुझाव दिने,
(च) रासायनिक विषादीको प्रयोग कम गर्ने उपायहरुका लागि प्रदेश सरकारलाई आवश्यक नीतिगत सुझाव दिने,

(छ) विषादीको सुरक्षित भण्डारण, प्रयोग र बिक्री वितरण सम्बन्धी तालिम तथा पुनर्ताजगी तालिमको पाठ्यक्रम निर्माण तथा समय सापेक्ष परिमार्जन गर्ने।

**११.** **<u>केन्द्रको काम, कर्तव्य र अधिकारः</u>** ऐनको दफा ११ को अतिरिक्त केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) रासायनिक विषादी न्यूनीकरणका लागि जैविक विषादीको प्रयोग प्रवर्द्धन सम्बन्धी आवश्यक कार्य गर्ने,

(ख) जीवनाशक विषादीको व्यवस्थापनमा संलग्न जनशक्ति तथा इजाजतपत्र प्राप्त व्यक्ति, संस्था वा निकायमा कार्यरत जनशक्तिको लागि तालिम प्रदान गर्ने,

(ग) जीवनाशक विषादीको सुरक्षित भण्डारण, प्रयोग र बिक्री वितरण सम्बन्धी तालिम तथा पुनर्ताजगी तालिमको सञ्चालन, व्यवस्थापन तथा परिक्षा सञ्चालन गर्ने।

(घ) जीवनाशक विषादीको प्रयोगको लागि त्यस्ता विषादीको वर्गीकरणको आधारमा प्रयोग गर्नुपर्ने स्प्रेयर र डष्टर, जीवनाशक विषादी छर्कंदा लगाउनु पर्ने सुरक्षात्मक पहिरन तथा उपकरण निर्माण तथा विकास र भण्डारण कोठा वा स्थान जस्ता पूर्वाधार तयार गर्दा पालना गर्नुपर्ने सुरक्षात्मक उपायहरू सिफारिस गर्ने तथा सहयोग र सहजीकरण गर्ने,

(ङ) बालीनालीमा क्षति गर्ने रोग, किरा, झारपात व्यवस्थापनमा प्रयोग हुने वातावरणमैत्री प्रविधि र पदार्थको उत्पादन र प्रयोगमा प्रोत्साहन तथा पैठारीका लागि सहजीकरण गर्ने।

**१२.** **<u>म्याद नाघेका जीवनाशक विषादी भण्डारण तथा व्यवस्थापनः</u>** (१) ऐनको दफा १७ को उपदफा (१) बमोजिम जफत गरिएका जीवनाशक विषादीको भण्डारण देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित व्यक्ति, संस्था वा निकाय, व्यवसायी वा उद्यमीले म्याद नाघेका, प्रतिबन्धित र टुटेफुटेका वा चुहिएका वा अन्य कुनै कारणले प्रयोग गर्न नमिल्ने वा सूचकपत्र प्रष्ट नभएका जीवनाशक विषादी वा जीवनाशक विषादीजन्य फोहोर तथा सोको कन्टेनर लगायतका वस्तु राख्नको लागि आफ्नो पसल वा भण्डारण कक्षमा अलग्गै र सुरक्षित स्थानको व्यवस्था गरी भण्डारण गर्नु पर्नेछ,

(ख) खण्ड (क) बमोजिम व्यवस्था गरिएको कक्ष, स्थान वा भागमा बिक्री गर्न अयोग्य जीवनाशक विषादी रहेको जनाउ चिन्ह सहित

जीवनाशक विषादीको प्रकृति तथा रसायन समूहको आधारमा नचुहिने तथा नपोखिने गरी भण्डारण गर्नु पर्नेछ,

(ग) खण्ड (क) बमोजिमका जीवनाशक विषादीलाई भण्डारण गर्दा ढलान गरिएको, पक्की भित्ता भएको सिमेन्टेड तथा हावा नगुम्सिने गरी हावा आवतजावत गर्ने भण्डारण कक्षको व्यवस्था गर्नु पर्नेछ,

(घ) खण्ड (क) बमोजिमका जीवनाशक विषादीको सम्बन्धित व्यक्ति, संस्था वा निकाय, व्यवसायी वा उद्यमीले जीवनाशक विषादीको प्रकृति तथा रसायन समूहको आधारमा अभिलेख तयार गरी अद्यावधिक रूपमा राख्नु पर्नेछ र सो अभिलेख केन्द्र र सम्बन्धित निरीक्षकलाई पठाउनु पर्नेछ,

(ङ) खण्ड (क) बमोजिमका जीवनाशक विषादीलाई कुनै पनि क्षेत्र वा वालीमा प्रयोग गर्न वा गराउन तथा वितरण गर्न पाइने छैन,

(च) खण्ड (क) बमोजिमका जीवनाशक विषादीलाई भण्डारण गरिएको स्थानबाट केन्द्र वा निरीक्षकको लिखित स्वीकृति विना अन्यत्र लैजान वा हटाउन पाइने छैन।

(२) उपदफा (१) बमोजिम निरीक्षकले जफत गरिएको विषादी व्यवस्थापनको अन्तिम किनारा नलागेसम्म त्यस्तो विषादीको सुरक्षित भण्डारण तथा विसर्जन गर्दा लाग्ने खर्च सम्बन्धित विषादी धनीले नै बेहोर्नु पर्नेछ।

**१३. <u>जीवनाशक विषादी सम्बन्धमा सुरक्षात्मक उपाय अपनाउनु पर्ने</u>:** (१) जीवनाशक विषादीको व्यावसायिक प्रयोग, भण्डारण, वा बिक्री वितरण तथा ओसारपसार गर्दा तपसिल बमोजिमको सुरक्षात्मक उपाय अपनाउनु पर्नेछः-

(क) कार्यस्थलमा सबैले देख्ने स्थानमा प्राथमिक उपचार र उद्धार सामग्रीको व्यवस्था गर्ने,

(ख) जीवनाशक विषादीको भण्डारण गर्ने स्थानको भुइँ तथा भित्ता जीवनाशक विषादी सोस्न नसक्ने गरी ढलान गरिएको, पानी नचुहिने, हावा आवतजावत गर्ने, झ्याल भएको र अनुसूची-५ बमोजिम जीवनाशक विषादीको खतराको चिन्ह राखिएको हुनुपर्ने,

(ग) जीवनाशक विषादी ढुवानी गर्ने साधनसँगसँगै खाद्यान्न, पशु दाना, औषधि वा अन्य वस्तु राख्न नहुने,

(घ) कुनै पनि जीवनाशक विषादीलाई अन्य भाँडोमा खन्याएर राख्न वा बिक्री गर्न नहुने,

(ङ) जीवनाशक विषादी बिक्री कक्षमा बालबालिकाको प्रवेशलाई निषेध गर्ने तथा बालबालिका मार्फत वा बालबालिकालाई त्यस्तो जीवनाशक विषादी बिक्री वितरण नगर्ने,

(च) जीवनाशक विषादीको प्रयोग गर्दा सूचकपत्रमा निर्दिष्ट गरे बमोजिमको सावधानी तथा सुरक्षाका उपाय अवलम्बन गर्नु पर्ने,

(छ) जीवनाशक विषादीको प्रयोग गर्दा वातावरण र मानिस, पशुपन्छी तथा मौरी लगायतका लाभदायक किरालाई तुलनात्मक रुपमा कम हानी गर्ने पञ्जीकृत जीवनाशक विषादीमात्र प्रयोग गर्नु पर्ने,

(ज) जीवनाशक विषादीको बिक्रेताले रातो र पहेंलो सङ्केत भएका घातक जीवनाशक विषादी बिक्री गर्दा अनिवार्य रुपमा खरिदकर्ताको अभिलेख राख्नु पर्ने,

(झ) जीवनाशक विषादी छर्केको स्थानमा मौरीको आवतजावत हुन नदिन मौरीपालकलाई अग्रिम सूचना दिनु पर्ने,

(ञ) जीवनाशक विषादी पोखिएमा विषादी धुलो वा ठोस अवस्थामा भए पोखिएको मात्राको दुई गुणा बढी बालुवा, सुख्खा माटो वा काठको धुलोले छोप्ने तथा कुचोको मद्दतले सम्पूर्ण पोखिएको वस्तु उठाएर पानीको मुहान नभएको र मानिस वा चौपाया नजाने सुरक्षित स्थलमा कम्तीमा पचास से.मी. गहिराईको खाडलमा पुर्नु पर्ने,

(ट) सुरक्षात्मक सामग्री बिक्रीमा राख्दा अनिवार्य रुपमा जीवनाशक विषादीसँग सम्पर्क नहुने तवरले छुट्टै क्याबिनमा राख्नुपर्ने,

(ठ) जीवनाशक विषादी छर्केको वा प्रयोग गरिएको जानकारी तथा अपनाउनु पर्ने सावधानीको सूचना जीवनाशक विषादी छर्केको वा प्रयोग गरिएको स्थानमा कम्तीमा पनि केन्द्रले निर्धारण गरेको अवधिसम्म राख्नु पर्ने,

(ड) अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला, बालबालिका, जेष्ठ नागरिक, दीर्घ रोग लागेका व्यक्तिलाई जीवनाशक विषादीको सम्पर्कबाट टाढा राख्ने,

(ढ) उत्पादक वा पैठारीकर्ताले इजाजतपत्र प्राप्त व्यक्ति, संस्था वा निकाय बाहेक अन्य व्यक्ति, संस्था वा निकायलाई जीवनाशक विषादीको कारोबार गर्ने गरी जीवनाशक विषादीको बिक्री वितरण नगर्ने,

(२) जीवनाशक विषादीको जथाभावी प्रयोग हुन नदिनको लागि त्यसको बिक्री गर्दाकै अवस्थामा बिक्रेताले जीवनाशक विषादीको खरिदकर्तालाई देहाय बमोजिम जानकारी गराउनुपर्नेछः-

(क) जीवनाशक विषादी प्रयोग गर्दा अपनाउनु पर्ने सावधानी, प्रयोग गर्ने तरिका र त्यसको मात्रा,

(ख) जीवनाशक विषादीको जथाभावी प्रयोगबाट पर्न सक्ने असर र यसको दुरुपयोगबाट हुन सक्ने खतरा,

(ग) कुनै बाली वा उपजमा जीवनाशक विषादी प्रयोग गरेपछि त्यस्तो बाली वा उपज खान वा प्रयोग गर्नका लागि पर्खनु पर्ने अवधि,

(घ) सावधानीपूर्वक प्रयोग गर्दा पनि कुनै दुर्घटना भएमा अपनाउनु पर्ने उपायहरु,

(ङ) आवश्यक ठानेका अन्य उपायहरु ।

(३) जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण तथा प्रयोग गर्दा जीवनाशक विषादीको सम्पर्कमा रही काम गर्ने कामदारको दुर्घटना तथा जीवन बीमा गराउनु पर्नेछ ।

(४) जीवनाशक विषादीबाट सुरक्षित हुन अवलम्बन गरिने कार्य गर्नु त्यस्तो जीवनाशक विषादीको बिक्री वितरण तथा ओसारपसार, व्यावसायिक प्रयोग, भण्डारण वा गराउने व्यक्ति र संस्था वा निकाय भए त्यस्तो संस्था वा निकायको प्रमुख भई काम गर्ने व्यक्तिको जिम्मेवारी हुनेछ ।

१४. **प्याकेट, खोल, बट्टा व्यवस्थापन गर्नु पर्नेः** ऐनको दफा १२ को उपदफा (७) बमोजिम जीवनाशक विषादीको प्रयोग पछि प्याकेट खोल, बट्टा व्यवस्थापन देहाय बमोजिम गर्नु पर्नेछः-

(क) जीवनाशक विषादी प्रयोग गरेपश्चात खाली भएको खोल, बट्टा वा प्याकिङ्ग सामग्रीहरुलाई कम्तीमा पनि तीन पटकसम्म सफा पानीले राम्रोसँग सफा गर्नुपर्ने,

(ख) खण्ड (क) बमोजिमका सफा सामग्रीहरुलाई पुनः प्रयोग गर्न नमिल्ने गरी छुट्टै कन्टेनरमा संकलन गर्नुपर्नेछ र मानिसको बस्ती र पानीको स्रोत भन्दा कम्तीमा पाँच सय मिटर टाढा, खेतीका लागि प्रयोग नहुने स्थानमा कम्तीमा पचास सेन्टिमिटर गहिरो खाडल खनी पुर्नुपर्ने,

(ग) विषादीको खोल, बट्टा वा प्याकिङ्ग सामग्रीहरुलाई सफा गरे पश्चातको पानीको घोललाई पुनः सोही बालीमै प्रयोग गर्नुपर्ने ।

**१५. <u>निरीक्षकको अन्य काम, कर्तव्य र अधिकारः</u>** ऐनको दफा १६ बमोजिमका काम, कर्तव्य र अधिकारको अतिरिक्त निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जीवनाशक विषादीको व्यावसायिक प्रयोग, भण्डारण, बिक्री वितरण, ओसारपसार वा विसर्जन जस्ता कार्य गर्दा आवश्यक सम्पूर्ण सुरक्षाका उपाय, प्राथमिक उपचार र उद्धार सामग्रीको व्यवस्था भए नभएको अनुगमन गरी सो प्रतिवेदन केन्द्रमा पठाउने,

(ख) केन्द्र र समितिको निर्देशन र समन्वयमा आवश्यक कार्य गर्ने।

**१६. <u>विषादीको अवशेष विश्लेषणका लागि नमुना संकलन तथा परीक्षण सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा १६ को खण्ड (छ) बमोजिमको निरीक्षकले जीवनाशक विषादीको प्रयोग भएको तरकारी, फलफूल लगायतका खाद्य वस्तुमा रहेको जीवनाशक विषादीको अवशेषका सम्बन्धमा जानकारी लिन तथा परीक्षण गर्नका लागि अनुसूची-६ बमोजिमको ढाँचामा विवरण सहित जीवनाशक विषादीको अवशेषको सम्बन्धमा नमुना सङ्कलन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सङ्कलन गरिएको नमुनामा जीवनाशक विषादीको अवशेष परीक्षणका लागि सरकारी वा मान्यता प्राप्त प्रयोगशालामा पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त नमुना सम्बन्धित प्रयोगशालाले परीक्षण तथा विश्लेषण गरी सोको प्रतिवेदन केन्द्र र सम्बन्धित निरीक्षकलाई उपलब्ध गराउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त प्रतिवेदन केन्द्रले उपयुक्त माध्यम र विधिबाट सार्वजनिक गर्नु पर्नेछ।

**१७. <u>जीवनाशक विषादीको नमुना सङ्कलन र परीक्षणः</u>** (१) जीवनाशक विषादीको प्रभावकारिताका सम्बन्धमा कसैबाट गुनासो प्राप्त भएमा वा निरीक्षक, केन्द्र वा समितिले कुनै जीवनाशक विषादीको गुणस्तर परीक्षण गराउन आवश्यक ठानेमा ऐनको दफा ११ को खण्ड (ज) बमोजिम नमुना सङ्कलन गर्न वा गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम जीवनाशक विषादीको नमुना सङ्कलन गर्दा अनुसूची-७ बमोजिमको ढाँचामा परीक्षण फाराम तयार गरी प्रयोगशालामा परीक्षण गर्न आवश्यक मात्रामा बेग्ला बेग्लै तीनवटा नमुना सङ्कलन गरी त्यसलाई खाम, थैली वा बट्टामा राखी सिलबन्दी गरी एउटा नमुना मान्यता प्राप्त प्रयोगशालामा गुणस्तर परीक्षण वा विश्लेषणको लागि पठाई अर्को नमुना केन्द्र, समिति वा निरीक्षकको कार्यालयमा र तेस्रो नमुना सम्बन्धित व्यवसायीकोमा सुरक्षित राख्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम नमुना सङ्कलन गर्दा जीवनाशक विषादीको परल मूल्य सम्बन्धित जीवनाशक विषादीको धनी वा बिक्रेतालाई तिर्नु पर्नेछ ।

(४) जीवनाशक विषादीको नमुना राखिएको खाम, थैली वा बट्टामा जीवनाशक विषादीको धनी वा बिक्रेताको र नमुना लिने विषादी निरीक्षकको समेत सहीछाप गराउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम जीवनाशक विषादीको नमुना राखिएको खाम, थैली वा बट्टामा जीवनाशक विषादीको धनी वा बिक्रेताले सहीछाप गर्न नमानेमा नमुना सङ्कलन गर्ने कर्मचारीले सोही व्यहोरा त्यस्तो खाम, थैली वा बट्टामा जनाई दस्तखत गर्नु पर्नेछ ।

(६) उपनियम (२) बमोजिम प्राप्त नमुना प्रयोगशालाले परीक्षण तथा विश्लेषण गरी त्यस्तो नमुना प्राप्त भएको मितिले तीस दिनभित्र नमुना पठाउने केन्द्र, समिति वा निरीक्षकलाई प्रतिवेदन दिनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम प्राप्त प्रतिवेदनबाट जीवनाशक विषादी पञ्जीकरण गर्दा उल्लेख गरिएको गुणस्तरभन्दा कम गुणस्तरको देखिएमा सो जीवनाशक विषादी नियन्त्रणमा लिई यस ऐन बमोजिम कारबाही गर्नु पर्नेछ।

१८. **घरायसी प्रयोगमा आउने विषादीको बिक्री वितरण सम्बन्धी व्यवस्था:** (१) कुनै व्यक्ति, संस्था वा निकायले घरायसी प्रयोगमा आउने विषादीको बिक्री वितरण गर्न चाहेमा निजले तपसिल बमोजिमको कागजातका साथ केन्द्रमा निवेदन पेस गर्नु पर्नेछः-

(क) व्यावसायिक फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ग) संस्था वा निकायको हकमा त्यस्तो निकायको आधिकारिक पत्र,

(घ) अनुसूची-२ बमोजिमको स्वघोषणा,

(ङ) प्रदेशको राजश्व खातामा रू. एक हजार राजश्व दाखिला गरेको भौचर।

(२) उपनियम (१) बमोजिम निवेदन पेस भएमा केन्द्रले आवश्यक जाँचबुझ गरी अनुसूची-८ बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ ।

(३) कुनै व्यक्ति, संस्था वा निकायले इजाजतपत्र बिना घरायसी प्रयोगमा आउने विषादीको बिक्री वितरण गर्न पाईनेछैन।

(४) उक्त इजाजतपत्रको अवधि तीन वर्षको हुनेछ र इजाजतपत्रको म्याद सकिनु भन्दा पैंतिस दिन अगावै देखि म्याद कायम रहेको दिनसम्म अनुसूची-८ को ढाँचामा केन्द्र समक्ष निवेदन र पाँच सय रुपैंया राजश्व तिरेको भौचर बुझाई थप दुई वर्षका लागि इजाजतपत्र नवीकरण गर्न सकिनेछ।

(५) उपनियम (४) वमोजिम नवीकरण नगरिएका इजाजतपत्रको म्याद समाप्त भएको पैंतिस दिन भित्रमा केन्द्र समक्ष दोब्बर दस्तुर बुझाई नवीकरण गर्न सकिनेछ। उक्त अवधिमा समेत नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ।

(६) नेपाल सरकारले पञ्जीकरण नगरेका कुनै पनि घरायसी प्रयोगमा आउने विषादीहरु बिक्री वितरण गर्न पाईने छैन।

(७) सम्बन्धित इजाजतपत्रमा उल्लिखित शर्तहरु इजाजतपत्रवालाले पालना गर्नुपर्नेछ। इजाजतपत्रमा भएका शर्तहरु पालना नगरेको खण्डमा भविष्यमा कम्तीमा पनि दुई बर्षसम्म कुनै पनि घरायसी प्रयोगमा आउने विषादी बिक्री वितरण गर्न नपाउने गरी केन्द्रले उक्त इजाजतपत्र स्वतः रद्द गर्न सक्नेछ।

१९. **<u>क्षतिपूर्ति सम्बन्धी व्यवस्था:</u>** (१) जीवनाशक विषादी उत्पादन, निकासी, पैठारी, संश्लेषण, मिसावट, ढुवानी, बिक्री वितरण तथा भण्डारणको प्रयोग वा विसर्जन गर्ने क्रममा कुनै दुर्घटना भएमा त्यसको पीडितलाई दुर्घटनाबाट परेको असर, पीडितको आर्थिक तथा पारिवारिक अवस्था समेतलाई विचार गरी सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्ति, संस्था वा निकायले ऐनको दफा २६ बमोजिम समितिले निर्धारण गरे अनुसारको क्षतिपूर्ति दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको अवस्थामा सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्ति, संस्था वा निकायले पीडितलाई क्षतिपूर्ति नदिएमा वा दिएको क्षतिपूर्तिमा चित्त नबुझेमा पीडितले क्षतिपूर्तिको लागि देहायका विवरण खुलाई ऐनको दफा २६ उपदफा (२) बमोजिमको समिति समक्ष उजुरी दिन सक्नेछः-

(क) दुर्घटनासँग सम्बन्धित व्यक्ति, संस्था वा निकायको नाम र ठेगाना,

(ख) पीडित पक्षलाई भएको वास्तविक हानिनोक्सानी वा क्षतिको विवरण,

(ग) निवेदनमा उल्लिखित विवरण पुष्ट्याँई हुने प्रमाण,

(घ) सम्बन्धित इजाजतपत्रप्राप्त व्यक्ति, संस्था वा निकायले क्षतिपूर्ति दिएको भएमा त्यस्तो विवरण र त्यसमा चित्त नबुझेको कारण वा दाबी गरेको क्षतिपूर्तिको रकम।

(३) उपनियम (२) बमोजिम उजुरी प्राप्त भएमा क्षतिपूर्ति निर्धारण समितिले सो उजुरीको नक्कल संलग्न गरी पन्ध्र दिनभित्र तत्सम्बन्धी आफ्नो जवाफ पेस गर्न सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्ति, संस्था वा निकायलाई सूचना दिनु पर्नेछ।

(४) सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्ति, संस्था वा निकायको जवाफ प्राप्त भएपछि निवेदकले पेस गरेको क्षतिको विवरण यकिन गर्न आवश्यक ठानेमा क्षतिपूर्ति निर्धारण समितिले प्रयोगशाला वा विशेषज्ञबाट परीक्षण वा विश्लेषण गर्न लेखी पठाउन सक्नेछ।

(५) क्षतिपूर्ति निर्धारण समितिले क्षतिपूर्ति रकम निर्धारण गर्नुअघि आवश्यकता अनुसार पीडित र सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्ति, संस्था वा निकायलाई आधार र प्रमाण पेस गर्न लगाउन सक्नेछ।

(६) क्षतिपूर्ति निर्धारण समितिले जाँचबुझ गरी क्षतिपूर्ति भराउन आवश्यक देखेमा पीडितलाई शारीरिक र आर्थिक रूपले पर्न गएको क्षति, उपचार खर्च तथा उपचारका क्रममा भएको अन्य खर्च समेतको वास्तविक मूल्याङ्कन गरी क्षतिपूर्तिको रकम निर्धारण गर्नेछ।

(७) उपनियम (६) बमोजिम निर्धारित क्षतिपूर्ति रकम सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्ति, संस्था वा निकायले क्षतिपूर्ति निर्धारण भएको मितिले साठी दिनभित्र सम्बन्धित पीडितलाई दिई सोको जानकारी क्षतिपूर्ति निर्धारण समितिलाई दिनु पर्नेछ।

२०. **प्रतिलिपि दिन सक्ने:** (१) सम्बन्धित व्यक्ति, संस्था वा निकायले इजाजतपत्र हराएमा वा कुनै किसिमले नष्ट भई त्यसको प्रतिलिपि लिन चाहेमा आवश्यक बेहोरा खुलाई केन्द्र समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा केन्द्रले नवीकरण भए नभएको यकिन गरी अनुसूची-९ बमोजिमको शुल्क लिई निवेदकलाई इजाजतपत्रको प्रतिलिपि दिन सक्नेछ।

२१. **अनुगमन प्रतिवेदन पेस गर्नु पर्ने:** ऐनको दफा २७ बमोजिम अनुगमन गरेका निकायले अनुसूची-१० बमोजिमको ढाँचामा मन्त्रालय समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ ।

२२. **विवरण तथा फाइल बुझिलिने:** (१) यो नियमावली प्रारम्भ हुनु अघि प्लाण्ट क्वारेण्टाइन तथा विषादी व्यवस्थापन केन्द्रबाट जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग र विषादी छर्कने व्यवसायीलाई दिइएको इजाजतपत्र सम्बन्धी कागजात, विवरण तथा फाइल ऐनको दफा ७ बमोजिमको समितिले बुझ्नेछ।

२३. **अनुसूचीमा संशोधन:** मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा संशोधन गर्न सक्नेछ।

अनुसूची-१

(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)

**इजाजतपत्रको लागि दिने निवेदनको ढाँचा**

श्रीमान् कार्यालय प्रमुख,
प्रदेश कृषि प्रयोगशाला, गण्डकी प्रदेश
पोखरा, कास्की ।

विषयः विषादी खुद्रा विक्रेता/छर्कने व्यवसाय/व्यवसायिक प्रयोग/घरायसी विषादी बिक्री वितरण गर्ने इजाजतपत्र पाउँ भन्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा जीवनाशक विषादीको बिक्री वितरण/छर्कने व्यवसाय/व्यवसायिक प्रयोग गर्ने इजाजतपत्रको लागि गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१ को दफा ४ तथा गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८२ को नियम ७ बमोजिम इजाजतपत्र पाउन तपसिल बमोजिमको आवश्यक कागजातहरु संलग्न गरी यो निवेदन पेस गरेको छु/छौं।

| | |
|---|---|
| इजाजतपत्र माग गर्ने व्यक्ति, संस्था वा निकायको नामः | |
| ठेगानाः | |
| प्रोप्राइटरको नाम : | |
| नागरिकता नं. र जारी जिल्लाः | |
| सम्पर्क नं. | ईमेलः |
| गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८२ को नियम...को उपनियम .....बमोजिम योग्यता वा तालिम प्राप्त व्यक्तिको नामः | |
| योग्यता/प्रमाणपत्र नं. | नागरिकता नं. र जिल्लाः |
| शाखा रहने/नरहनेः | |
| संस्था वा निकायको छापः | |

निवेदकको दस्तखतः

नामः

मितिः

अनुसूची-२

(नियम ८ को उपनियम (१) को खण्ड (छ) र नियम १८ को उपनियम (१) को खण्ड (घ) सँग सम्बन्धित)

**कारोबार गर्ने स्थान र भण्डारणको मापदण्ड पूरा गरेको स्वघोषणापत्रको ढाँचा**

गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१ तथा जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८२ बमोजिम जीवनाशक विषादीको बिक्री वितरण गर्नको लागि देहाय बमोजिमको व्यवस्था पूरा गरेको व्यहोरा प्रदेश कृषि प्रयोगशालाका प्रमुख समक्ष घोषणा गर्दछु/गर्दछौं। यो घोषणा गलत वा झुट्टा ठहरेमा प्रचलित कानुन बमोजिम हुने कारबाही र सजाय व्यहोर्न मन्जुर छु/छौं।

१. इजाजतपत्र लिने व्यक्ति, संस्था वा निकायको नामः

जिल्लाः

प्रदेशः

गाउँपालिका/नगरपालिकाः

वडा नं र टोलः

इमेलः

सम्पर्क नंः

आधिकारिक व्यक्तिको नामः

२. इजाजतपत्र लिने व्यवसायः

(क) उत्पादन

(ख) संश्लेषण

(ग) पैठारी

(घ) निकासी

(ङ) ओसारपसार

(च) भण्डारण

(छ) प्याकिङ्ग

(ज) पुनः प्याकिङ्ग

(झ) विषादी छर्कने

३. जीवनाशक विषादीको मात्र कारोबार हुन्छ कि अन्य पनि छ ?अन्य भए उल्लेख गर्नुहोस्......

४. स्वघोषणा फारामको प्रयोजनः पसल () अलग भण्डारण () उद्योग ()

५. पसलको संरचनाः

(क) भुँईः

(१) सिमेन्ट प्लाष्टर गरेको (पक्की) ()

(२) प्लाष्टर नगरेको (कच्ची वा माटोको भुईं) ()

(३) अन्य ()

(ख) भित्ताः

(१) पक्की ()

(२) कच्ची ()

(३) अन्य ()

(ग) कुनै भाग मर्मत गर्नु पर्ने भए उल्लेख गर्ने :

(घ) भेन्टिलेशनः

(१) अति उत्तम भएको ()

(२) ठिकै ()

(३) नभएको ()

(ङ) ढोकाः

(१) बन्द गर्ने सबैमा भएको ()

(२) कुनैमा भएको ()

(३) नभएको ()

(च) खतराको सङ्केतका चिन्हहरुः

(१) राखिएको ()

(२) नराखिएको ()

(३) राखिएको भएः

(छ) तरल पदार्थ यदि पोखिएमा वा बगेमा जाने

(१) नाली ()

(२) सडक ()

(३) अन्य भए लेख्ने :

६. भण्डारण गरिएका वस्तुको विवरणः

(क) रासायनिक मल ()

(ख) पशुपन्छीको औषधि

(ग) बिउबिजन ()

(घ) पशुपन्छीको दाना ()

(ङ) मानिसले खाने कुनै वस्तु ()

(च) जीवनाशक विषादीलाई अन्य वस्तुसँगै भण्डारण वा छुट्टै देखिने गरी राखिएकोः
छ () छैन ()

(छ) जीवनाशक विषादीको सूचकपत्रको रङ्ग उडेको, च्यातिएको, नबुझिने वा नभएको राखिएकोः छ() छैन ()

(ज) कुनै टुटेफुटेका वा चुहिएका कन्टेनर त्यहाँ राखिएकोः छ () छैन ()

(झ) पञ्जीकृत जीवनाशक विषादीको विवरणको सूची राखिएकोः छ () छैन ()

(ञ) प्रतिबन्धित जीवनाशक विषादिको विवरणको सूची राखिएकोः छ () छैन ()

(ट) जीवनाशक विषादी चुहिँदा वा पोखिँदा व्यवस्थापन गर्ने तरिका

(ठ) सरसफाइः अति उत्तम भएको () ठीकै () नभएको ()

(ड) म्याद समाप्त भएको जीवनाशक विषादी छ () छैन () भएमा तिनको व्यवस्थापनः

(ढ) प्रतिबन्धित जीवनाशक विषादीः छ () छैन () भएमा तिनको व्यवस्थापनः

(ण) पञ्जीकरण नभएका विषादीः छ () छैन ( ) भएमा तिनको व्यवस्थापन

(त) अन्य भए उल्लेख गर्नेः

७. सावधानी

(क) आफू र कामदारहरूले व्यक्तिगत सुरक्षणका पहिरनहरू लगाउने गरेकाः छन् () छैनन् ()

(ख) पसल र भण्डारणमा साबुन, पानी, बालुवा, कुचो, फोहर उठाउने भाँडो, बेल्चा, ग्लोव, मास्क, बाल्टी आदिः छन् () छैनन् ()

| | |
|---|---|
| संस्था वा निकायको,- | स्वघोषणा गर्ने व्यक्तिको,- |
| छाप | नाम |
| मिति.... | दरखास्त............ |

अनुसूची-३

(नियम ८ को उपनियम (२), नियम ९ को उपनियम (२) र (३) सँग सम्बन्धित)

**जीवनाशक विषादीको बिक्री वितरण गर्ने इजाजतपत्रको ढाँचा**

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
प्रदेश कृषि प्रयोगशाला
पोखरा, कास्की

| फोटो |
|---|

इजाजतपत्र

श्री.............(व्यक्ति, संस्था वा निकायको नाम र ठेगाना)..............ले देहायका सर्तको पालना गर्ने गरी जीवनाशक विषादीको खुद्रा बिक्री वितरण गर्न गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८२ को नियम ८ को उपनियम (२) बमोजिम यो इजाजतपत्र दिइएको छ ।

१. व्यक्ति/संस्था/निकायको नाम र ठेगानाः

२. इजाजतपत्र नं.

३. इजाजतपत्र जारी मितिः

४. म्याद सकिने मितिः

५. तालिम/योग्यता प्राप्त व्यक्तिको नाम, ठेगाना, नागरिकता नम्बर र जिल्लाः

(क)

(ख)

इजाजतपत्र जारी गर्नेको,-
दस्तखतः
नामः
(कार्यालयको) पदः
मितिः

सर्तहरुः-

१. जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण र विसर्जन गर्ने मापदण्ड पालना गर्नु पर्नेछ,
२. गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८२ को नियम ८ को उपनियम (१) बमोजिमको योग्य जनशक्ति हुनु पर्नेछ,

३. जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण र विसर्जन गर्दा सुरक्षात्मक उपाय अवलम्बन गर्नु पर्नेछ,
४. विषादीको नकारात्मक असर र सुरक्षित प्रयोग विधिका बारेमा कृषकहरुलाई जानकारी गराएर मात्र बिक्री वितरण गर्नुपर्नेछ,
५. आफूले गरेको जीवनाशक विषादी कारोबारको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र केन्द्रमा पेस गर्नु पर्नेछ ।

<u>नवीकरण विवरणः</u>

| नवीकरण मिति | म्याद समाप्त हुने मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत | नवीकरण गर्ने अधिकारीको पद | कार्यालयको छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

अनुसूची-४

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

**इजाजतपत्र नवीकरणको निवेदनको ढाँचा**

श्रीमान् कार्यालय प्रमुख,
प्रदेश कृषि प्रयोगशाला, गण्डकी प्रदेश
पोखरा, कास्की ।

**विषयः इजाजतपत्र नवीकरण गरी दिनु हुन ।**

.........................जीवनाशक विषादी बिक्री वितरण गर्न इजाजतपत्र लिई व्यवसाय गरिरहेकोमा इजाजतपत्रको म्याद मिति............मा समाप्त हुने हुँदा नवीकरणका लागि प्रदेश जीवनाशक व्यवस्थापन नियमावली, २०८२ को नियम ९ को उपनियम (१) बमोजिमका आवश्यक कागजात संलग्न गरी यो निवेदन पेस गरेको छु/छौं ।

इजाजतपत्र नं. लिएको मितिः म्याद समाप्त मितिः
व्यक्ति/संस्था/निकायको नामः दर्ता नं. र जिल्लाः
नागरिकता नं. र जिल्लाः ठेगानाः
आधिकारिक व्यक्तिको नाम र पदः
सम्पर्क नं.
इमेलः
गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१ को दफा ५ बमोजिम योग्यता वा तालिम प्राप्त व्यक्तिको नामः
ठेगानाः नागरिकता नं. र जिल्लाः
शाखा रहने/नरहनेः

अनुसूची-५

(नियम १३ को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित)

**<u>जीवनाशक विषादीको खतरा जनाउने चिन्ह</u>**




**जीवनाशक विषादी**

**(Pesticides)**

१. जीवनाशक विषादीको उत्पादन, आयात, निर्यात, भण्डारण, ओसारपसार र बिक्रि गर्ने क्षेत्रमा १x १ फिट साइजको सबै मानिसले देख्ने स्थानमा जीवनाशक विषादीको खतरा जनाउने चिन्ह राख्नु पर्नेछ ।

२. उक्त खतरा जनाउने चिन्हमा मानिसको खप्पर तथा हड्डी सहितको चित्रमा जीवनाशक विषादी भण्डारण कक्ष भए "खतरा जीवनाशक विषादी भण्डारण कक्ष" र बिकक्री वितरण पसल भए "खतरा जीवनाशक विषादी बिक्री पसल" भनी सूचना राख्नु पर्नेछ ।

३. धुम्रपान, खानपान र पिउन निषेधित क्षेत्र भनी सूचना राख्नु पर्नेछ ।

४. जीवनाशक विषादी बिक्री कक्षमा अठार वर्ष मुनिका बालबालिकाका लागि जीवनाशक विषादी बिक्री वितरण निषेध गरिएको सूचना ८० फन्ट साइजको नेपाली अक्षरमा लेखेर देखिने स्थानमा टाँस्नु पर्नेछ।

अनुसूची-६

(नियम १६ को उपनियम (१) सँग सम्बन्धित)

**जीवनाशक विषादी अवशेष परीक्षणका लागि नमुना सङ्कलन फारामको ढाँचा**

नमुना लिएको मितिः समयः

१. व्यवसाय/पसलको नाम र ठेगानाः

२. पसल सञ्चालकको नाम र ठेगानाः

३. सञ्चालकको नागरिकता नम्बरः

४. सम्पर्क नम्बरः

५. पसल नं. तथा पहिचानः

प्रदेशमा उत्पादित बालीको नमुनाका लागि नमुनाको विवरणः

| क्र. सं. | बाली | नमुनाको परिमाण | नमुनाको उत्पादन स्थल जिल्ला | पसलमा रहेको बालीको जम्मा परिमाण(के.जी) | सङ्कलन केन्द्रको नाम र ठेगाना | उत्पादक कृषकको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रदेश बाहिरबाट आयात गरिएको बालीः

| क्र.सं. | बाली | नमुनाको परिमाण | नमुनाको उत्पादन गरेको देश | उत्पादन स्थलको ठेगाना | ढुवानी गर्ने साधनको नं. | जम्मा परिमाण (के.जी) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अन्य थप विवरण भएः

पसल धनीको
दस्तखतः-
छापः

नमुना लिने आधिकारिक व्यक्तिको,-
नामः
पदः
दस्तखतः
मितिः

१. नमुना लिँदा अन्य रोहवरमा रहेको व्यक्ति भएमा विवरण लेखी दस्तखत गराउनु पर्नेछ।

२. नमुना लिँदा आवश्यकता अनुसार र कम्तीमा उत्पादित बालीको परीक्षणका लागि चाहिने नमुना ७५० ग्राम भन्दा नघटाई लिनु पर्नेछ ।

३. नमुना सङ्कलन गर्दा वैज्ञानिक आधारमा र जीवनाशक विषादी प्रयोग हुने बालीहरूलाई प्राथमिकतामा राखी गर्नु पर्नेछ।

४. बालीको नमुना लिएको एक प्रति सम्बन्धित बिक्रेतालाई दिनु पर्नेछ।

५. नमुना प्रयोगशालामा बुझाउँदा प्रयोगशालाको मापदण्ड अनुसार विवरण उपलब्ध गराउनु पर्नेछ र बुझाएको भर्पाई लिनु पर्नेछ।

६. प्रयोगशालाको प्रतिवेदन तयार भएपछि सम्बन्धित नमुना सङ्कलकलाई प्रतिवेदन बुझाउनु पर्नेछ।

अनुसूची-७

(नियम १७ को उपनियम (२) सँग सम्बन्धित)

**जीवनाशक विषादीको परीक्षण फारम**

१. जाँच गरिने जीवनाशक विषादीको व्यापारिक नाम
२. जीवनाशक विषादीको सामान्य नाम
३. उत्पादक उद्योगको नाम ठेगाना
४. इजाजतपत्रवाला व्यक्ति, संस्था वा निकायको नाम
५. ठेगाना
६. सम्पर्क नं.
७. इमेल
८. प्रमाणपत्र नं प्रमाणपत्र जारी मिति
९. इजाजतपत्र नं इजाजतपत्र जारी मिति
१०. सूचकपत्रमा भएको जीवनाशक विषादीको रङ्ग
११. जीवनाशक विषादीको फर्मूलेशन धूलो () गेडा () झोल () ट्याबलेट () अन्य ()
१२. कन्टेनरमा भएको जीवनाशक विषादीको तौल: (केजी वा लिटर)
१३. जीवनाशक विषादीको कन्टेनर: प्लाष्टिक प्याक () बोतल () ग्यालिन () अन्य ()
१४. परीक्षणका लागि नमुना लिइएको परिमाण
१५. नमुना लिने व्यक्तिको नाम, पद
१६. कार्यालयको नाम
१७. नमुना लिएको मिति

| | |
|---|---|
| इजाजतपत्रवालाको, | नमुना लिने आधिकारिक व्यक्तिको |
| दस्तखत | नाम |
| | पद |
| छाप | दस्तखत |
| | मिति |

अनुसूची-८

(नियम १८ को उपनियम (२) र (४) सँग सम्बन्धित)

**घरायसी विषादीको बिक्री वितरण गर्ने इजाजतपत्रको ढाँचा**

गण्डकी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

**प्रदेश कृषि प्रयोगशाला**

पोखरा, कास्की

फोटो

**इजाजतपत्र**

श्री.............(व्यक्ति, संस्था वा निकायको नाम र ठेगाना)..............ले देहायका सर्तको पालना गर्ने गरी जीवनाशक विषादीको खुद्रा बिक्री वितरण गर्न गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८२ को नियम १८ को उपनियम (२) बमोजिम यो इजाजतपत्र दिइएको छ ।

१. व्यक्ति/संस्था/निकायको नाम र ठेगानाः

२. इजाजतपत्र नं.

३. इजाजतपत्र जारी मितिः

४. म्याद सकिने मितिः

५. इजाजतपत्र प्राप्त व्यक्तिको नाम, ठेगाना, नागरिकता नम्बर र जिल्लाः

(क)

(ख)

इजाजतपत्र जारी गर्नेको,-

दस्तखतः

नामः

(कार्यालयको छाप) पदः

मितिः

सर्तहरुः-

१. घरायसी विषादीको भण्डारण गर्दा कुनै पनि खाद्यान्न, सौन्दर्य सामग्री एवं लत्ता कपडाहरु नजिक राख्न नहुने,

२. गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८२ को नियम १८ को उपनियम (२) बमोजिम प्राप्त गरेको इजाजतपत्र पसलमै सुरक्षित राख्नुपर्नेछ,

३. घरायसी विषादीको बिक्री वितरण, भण्डारण र विसर्जन गर्दा सुरक्षात्मक उपाय अवलम्बन गर्नुपर्नेछ,

४. सम्बन्धित ग्राहकसँग घरायसी विषादीको प्रयोगको उद्देश्यका बारेमा विस्तृत रुपमा सोधेर र घरायसी शत्रुजीवहरु नष्ट गर्ने उद्देश्यको लागि मात्र बिक्री वितरण गर्नुपर्नेछ,

५. विषादीको नकारात्मक असर र सुरक्षित प्रयोग विधिका बारेमा ग्राहकहरुलाई जानकारी गराएर मात्र बिक्री वितरण गर्नुपर्नेछ,

६. आफूले गरेको घरायसी विषादीको कारोबारको विवरण इजाजतपत्र नवीकरण गर्ने समयमा केन्द्र समक्ष पेस गर्नुपर्नेछ।

<u>नवीकरण विवरणः</u>

| नवीकरण मिति | म्याद समाप्त हुने मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत | नवीकरण गर्ने अधिकारीको पद | कार्यालयको छाप |
|---|---|---|---|---|
| | | | | |

अनुसूची-९

(नियम २०को उपनियम (२)सँग सम्बन्धित)

**जीवनाशक विषादी विक्रेताको इजाजतपत्रको प्रतिलिपि शुल्क**

| | |
|---|---|
| विषादी विक्रेता इजाजतपत्रको प्रतिलिपि | रू.१०००/- |
| जीवनाशक विषादीको व्यावसायिक प्रयोग/छर्कने व्यवसायीको प्रतिलिपि | रू. १०००/- |
| जैविक विषादीको मात्र कारोबार गर्ने इजाजतपत्रको प्रतिलिपि | रू.५००/- |

अनुसूची-१०

(नियम २१ सँग सम्बन्धित)

**अनुगमन प्रतिवेदनको ढाँचा**

अनुगमन मितिः समयः

स्थानः

व्यवसाय/पसलको नाम र ठेगानाः

सञ्चालकको नाम र ठेगानाः

सञ्चालकको नागरिकता नम्बरः

सम्पर्क नम्बरः

| **क्र.सं.** | **अनुगमनको क्रममा देखिएका विषयहरु** |
|---|---|
| १. | पञ्जीकरण गरिएको/नगरिएको |
| २. | सञ्चालकले व्यवसायको इजाजपत्र लिए/नलिएको |
| | लिएको भए इजाजतपत्र नम्बर र मितिः |
| ३. | व्यवसाय/इजाजतपत्रको प्रकृति तथा प्रकारः |
| ४. | नवीकरण गरिएको वा नगरिएको |
| | गरिएको भए मितिः |
| ५. | ऐनको दफा ५ बमोजिमको योग्यता भए/नभएको |
| ६. | भण्डारण तथा बिक्री वितरण स्थलको अवस्था |
| ७. | जीवनाशक विषादी प्रयोग अवस्था |
| ८. | ओसारपसार गर्दा मापदण्ड पालना गरे/नगरेको |
| ९. | प्रयोगकर्ताको गुनासो तथा सुझाव |
| १०. | व्यवसाय तथा सञ्चालकबाट भएका सकारात्क कार्य र पहल |
| ११. | समस्याहरु |
| १२. | समस्या समाधानमा स्थलगत रुपमा भएका प्रयासहरु |
| १३. | स्थलगत रुपमा समाधान गर्न नसकिएका समस्याहरु |
| १४. | समाधानका उपायहरु |

अनुगमन प्रतिवेदकको रायः-

अनुगमन जाने पदाधिकारीहरुको

नाम र दस्तखतः

आज्ञाले,

बासुदेव रेग्मी

प्रदेश सरकारको सचिव

मुद्रक:गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।मूल्य रु.५०।-